१५ मंसीर २०७६

सम्माननीय सभामुखज्यू,
प्रतिनिधी सभा, सिंहदरवार
काठमाडौं ।

**विषय : ध्यानाकर्षण गराईएको सम्बन्धमा ।**

द्वन्द्वपीडित साझा चौतारी नेपालको दश वर्षे सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत दुवै पक्षबाट भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लंघन तथा ज्यादतीबाट पीडितहरुको देशव्यापी राष्ट्रिय सञ्जाल हो । यो सञ्जाल द्वन्द्वका क्रममा भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लंघन तथा ज्यादतीका बारेमा सत्य तथ्यको स्थापना, परिपूरणको अधिकार, फौजदारी जवाफदेहिता तथा पूनः त्यस्ता घटनाहरु नहुने प्रत्याभुतका लागि तथा नेपालमा पीडित केन्द्रित संक्रमणकालीन न्याय प्रक्रिया सुनिश्चित गर्नका लागि सरकार, संवैधानिक निकायहरु, राजनैतिक दल, नागरिक समाज संस्थाहरु, आम सञ्चार माध्यम लगायत सबैसँग सहकार्य गर्दै आइरहनुका साथै यी विषयहरुका निरन्तर आफ्ना सरोकारहरु व्यक्त गर्दै खबरदारी समेत गरि आएको व्यहोरा सम्माननिय सभामुखज्युलाई अवगत नै छ ।

सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरु र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्ने, पीडितलाई परिपूरण र न्याय, मानवअधिकार उल्लंघनका प्रकृति, प्रबृत्ति, द्वन्द्वका कारणहरुको अध्ययन गरी फेरि द्वन्द्व नदोहोरिने एवं त्यस प्रकारका गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरु नदोहोरिउन् भन्नका लागि राज्यले अबलम्वन गर्नुपर्ने नीतिगत एवं संरचनागत कार्यक्रम तथा सुधार सम्वन्धमा आवश्यक सिफारिस गर्नका लागि नेपाल सरकारले २०७१ माघ २७ गते सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन गरेको विदितै छ । नेपाल सरकार र तत्कालीन विद्रोही नेपाल कम्युनिष्ट पार्टी माओवादीवीच २०६३ मंसिर ५ मा सम्पन्न विस्तृत शान्ति सम्झौताको बुँदा ५.२.५ मा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रावधान राखिएको व्यहोराबाट पनि सभामुखज्यु अवगत नै हुनुहुन्छ ।

सोहि प्रावधान अनुसार सरकारले मिति २०७१ माघ २८ मा सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग गठन गर्‍यो । २ वर्षको कार्यावधि रहेको आयोगको समयावधि थपेर ४ वर्षे कार्यकाल प्रादन गरिएको भएतापनि यी आयोगहरुले उजुरी संकलन बाहेक पीडितको पीडामा मलम लगाउने कुनै काम हुन सकेन । ४ वर्षसम्म पनि कुनै ठोस र महसुय योग्य परिणाम दिन नसकेकोले जन निर्वाचित सर्वोच्च निकाय व्यवस्थापिका संसदले मिति २०७५ माघ २३ मा वेपत्ता पारिएका व्यक्तिहरुको छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७२ लाई संसोधन गरि आयोगको म्याद वढाउने तर हिजोका असक्षम पदाधिकारीहरुलाई पदच्युत गर्ने गरि ऐन संशोधन गरेको थियो । दुवै आयोगका पदाधीकारीहरुको कार्यकाल समाप्त भए हाल दुवै आयोग पदाधिकारी विहिन अवस्थामा रहेको कुरा पनि सम्माननियज्युलाइ थाहै भएको कुरा हो ।

सरकारले नयाँ पदाधिकारीको सिफारिश गर्न २०७५ साल चैत्रमा सिफारिश समिति गठन गरेको भएतापनि हालसम्म उक्त समितिले हाल सम्म पनि आयोगका पदाधिकारीहरुको नाम सिफारिश गर्न सकेको छैन ।

सम्माननीत प्रतिनिधी सभाले गत वर्ष मिति २०७५ माघ २३ मा बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ को संशोधनमार्फत संक्रमणकालीन न्याय सम्बन्धी दुई आयोगहरु

सत्य निरुपण तथा मेलमिलाप आयोग एवम् वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको अवधि एक वर्ष थप गर्ने एवम् उक्त आयोगका पदाधिकारीहरुको कार्यकाल २०७५ चैत्र मसान्तसम्म मात्र कायम रहने गरी संशोधन गरेको जानकारी गराउन चाहन्छौ । तत्कालिन अवस्थामा कार्यरत दुवै आयोगका पदाधिकारीहरु २०७५ चैत्र मसान्त गुज्रनु अघि नै आयोग पुनर्गठन भएको अवस्थामा स्वत पदमुक्त हुने गरि भएको उक्त संशोधनले वहालवाला पदाधिकारीहरु तोकिएको कार्य गर्न अक्षम भएको स्थापित हुन्छ ।

हाल सिफारिश समितिले आयोगका पदाधिकारीहरु सिफारिस गर्ने क्रममा मिति २०७६ मंसीर २ गते प्रकाशित गरेको सुचनामा पुराना र यस सम्मानित संसदले असक्षमताका आधारमा पदच्युत गरेका व्यक्तिहरुको नाम समेत समावेश गरि प्रकाशित गरेको छ । ती पुराना पदाधिकारीहरु जो सम्माननीत संसदबाट असक्षम घोषणा भई पदमुक्त भएका थिए, उनीहरु नै पुनः आयोगमा पुनर्नियुक्ति हुने सम्भावना देखिएकोले पीडितको भावनालाई कुल्चिएर गठन भएको ४ वर्ष सम्म कुनै सिन्को पनि भाच्न नसक्ने असक्षम पदाधिकारीहरुको पुनर्नियुक्ति सम्माननीत संसदको समेत अपमान हुने र यस संसदवाट पारित ऐनको भावना समेत विपरित हुने भएकाले यस विषयमा सम्मानित संसद र हाल संसद नभएको अवस्थामा संसदीय समितिहरुमा यसवारेमा छलफल गराई शिफारिस समितिका अध्यक्ष र सदस्यहरुलाइ संसदीय समितिमा वोलाइ यस विषयमा स्पष्टिकरणलिई संसदले पारित गरेको कानून विपरित कुनै काम कारवाहि नगर्न निर्देशन जारी गरि पाउन सम्मानीय सभामुखज्यू समक्ष हार्दिक अनुरोध गर्न चाहन्छौ ।

बोधार्थ
मानव अधिकार समिति, संसद भवन,
राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन

जनकबहादुर राउत
महासचिब
९८५७०४७०६२

भागीराम चौधरी
अध्यक्ष
९८५८०२७७४७